# राप्ती नगरकार्यपालिकाको कार्यालय

## हर्दि, भण्डारा चितवन

## ३ नं.प्रदेश, नेपाल

## आ.व.२०७५/०७६ सालको लागि आन्तरिक आय ठेक्का सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशीत भएको मिति २०७५/१०/१०)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ (च), सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रदेश नं. २ आर्थिक ऐन २०७५ दफा ६ अनुसुची ४ (१) अनुसार यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकहरुमा आर्थिक वर्ष २०७५/०७६ का लागि नदीजन्य पदार्थको विक्रि एवं निकासीको आय ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले तपशिलमा उल्लेखित ठेक्का विवरण शर्तहरुको अधिनमा रही मूल्य अभिवृद्धिकर (VAT) मा दर्ता भएको फर्म, व्यक्ति वा कम्पनिहरुवाट आ.व.२०७५/०७६ का लागि नवीकरण भएको इजाजंत पत्र र आ.व.२०७४/०७५ सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रतिलिपिहरु तथा उक्त फर्म कार्यगर्न योग्य भएको स्वघोषणा (Declaration) पत्र सहितको लिखित निवेदनको साथ तोकिएको दस्तुर कृषि विकास बैंक खैरहनी पर्सा शाखाको खाता नं. ०५०९१०११५०७७१०१३ मा जम्मा गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरि रीतपूर्वकको गोप्य शिलंबन्दी बोलपत्र पेश गर्न सम्वन्धित सबैको जानकारीको लागि ३० (तिस) दिने सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र. सं. | ठेक्का नम्बर | ठेक्का विवरण | उठाउनु पर्ने क्षेत्र र परिमाण | न्युन्तम कबोल अंक वार्षिक | बोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १. | १।७५।७६ | लोथर नदीको ढुङ्गा, गिट्टी, वालुवा, ग्रेभल | लोथर नदीको पुल तल ५०० मिटर छोडी सो पछि ११०० मिटर सम्म नदीको विचबाट राप्ती नगरपालिका तर्फको स्थानबाट ६७,५०० घ.मी. | २१४०००००।- | ३,०००। | कबोल अंकको ५% |

१. बोलपत्र फारम यो सुचना प्रथम पटक प्रकाशित मितिले ३० (तिस) औं दिन सम्म राप्ती नगरपालिकाबाट खरिद गर्न सकिने छ र यसरी खरिद भएका बोलपत्रहरु ३१ (एकतिस) औं दिन दिनको १२:०० वजे सम्म राप्ती नगरपालिकामा शिलबन्दी दर्ता गरि सक्नु पर्नेछ ।

२. वोलपत्र फारम खरिद एवं दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ ।

३. ठेक्काको टेन्डर फाराममा उल्लेख भए अनुसार कबोल अंक ठेक्का नम्बर खुलाई फाराममा खाममा ठेक्काको नाम उल्लेख गरि शिलबन्दी गरि पेश गनुपर्ने छ । शिलबन्दी बोलपत्र दखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । बोलपत्र दाताले कबोल गरेको रकमको अंक र अक्षरमा स्पस्ट लेख्नु पर्ने छ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको लाई मान्यता दिईने छ ।

४. दर्ता भएका शिलबन्दी बोलपत्र सोही दिन दिनको २:०० (दुई) वजे यस कार्यालयमा सम्बन्धित कार्यालयका प्रतिनिधीहरु र बोलपत्र दाताका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । साथै बोलपत्र खोल्ने समयमा बोलपत्र दाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

५. बोलपत्र दाताले वोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम यस कार्यालयको नाममा कृषि विकास बैंक लि. खैरहनी पर्सा चितवन स्थित ०५०९१०११५०७७१०४८ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कम्तीमा ८० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

६. ठेकेदारले नियमानुसार कबोल अंकको १३% हुने मुल्य अभिविद्धि कर (VAT) आन्तरिक राजस्व कार्यालय भरतपुर, चितवनमा कार्यालय कोड ३५-३०५-०२ खाता नं. क १०००२०००१०००० राजश्व शिर्षक नं.३३११४ मा बुझाई सक्कल भौचर सहित यस कार्यालयमा बुझाउनु पर्नेछ । सो वाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमननुसार बुझाउनु पर्ने आयकर लगायत अन्य कर, दस्तुर तथा शुल्क आदि सबै ठेकेदार स्वंयमले सम्वन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

७. ठेक्का अवधि आर्थिक वर्ष २०७५/०७६ को सम्झौता मितिदेखि लागु भई ०७६ जेष्ठ मसान्त सम्म मात्र हुनेछ ।

८. ठेकेदारले ढुङ्गा, गिट्टी, ग्राभेल, वालुवा संकलन/उत्खनन् कार्य गर्दा गराउँदा लोथर खोलाको स्विकृत (IEE) मा उल्लेखित शर्तहरुको पुर्ण पालना गर्नु पर्नेछ । (IEE) शर्त पालना गर्दा वातावरणीय नाकारात्मक प्रभाव न्यूनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले ब्यहोर्नु पर्नेछ । नेपाल सरकारबाट वन्देज लगाईएको अवधिमा खोलाबाट नदीजन्य पदार्थ झिक्न पाईने छैन ।

९. राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट (तगारो) राखी वा अन्य कुनै प्रकारको अवरोध खडा गरि कर लिन पाईने छैन । तोकिएका कर संकलन स्थानमा दररेट सहितको होडिंग बोर्ड राख्नु पर्नेछ ।

१०. यसमा उल्लेख भएका कुराहरुमा सोहि बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ ।

**लोथर भरिको नदीजन्य पदार्थ संकलन र विक्रि हुने ढुंगा, गिट्टी, वालुवा, ग्रेभलको ) कर दस्तुर (भ्याट वाहेक) को संकलन दर रेट :**

| क्र.सं. | संकलन विवरण | इकाई प्रति | संकलन तथा विक्रि कर | कैफियत |
|---|---|---|---|---|
| १. | लोथर नदीबाट निकासी तथा विक्रि हुने ढुंगा, गिट्टि, वालुवा र ग्रेभल | क्यू फिट | ९।- (नौ मात्र) | ठेकेदारले भ्याट १३% रकम थप गरि संकलन गर्नु पर्नेछ । |

**नोट : विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।**

**प्रमुख प्रशासकिय अधिकृत**